# स्थानीय- राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

| खण्ड १ | संख्या -३ | मितिः २०७७। |
|---|---|---|

भाग-२

## प्रारम्भिक बाल शिक्षा केन्द्र एवम् शिशु विकास केन्द्र व्यवस्थापन(दोस्रो संशोधन) निर्देशिका, २०७६

## भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

# प्रारम्भिक बाल शिक्षा केन्द्र एवम् शिशु विकास केन्द्र व्यवस्थापन(दोस्रो संशोधन) निर्देशिका, २०७६

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।

१. (१) यस निर्देशिकाको नाम प्रारम्भिक बाल शिक्षा केन्द्र एवम् शिशु विकास केन्द्र व्यवस्थापन (दोस्रो संशोधन) निर्देशिका, २०७६ रहेको छ।

२. दफा ११ को उपदफा (१) को खण्ड (क) प्रारम्भिक बाल शिक्षा केन्द्र एवम् शिशु विकास केन्द्रका लागि एक लाख पचास हजार रुपैयाँ भन्ने शब्दको सट्टा प्रारम्भिक बाल शिक्षा केन्द्र एवम् शिशु विकास केन्द्र वा दुबैका लागि पचास हजार रुपैयाँ भन्ने गरिएको।

३. दफा ११ को उपदफा (१) को खण्ड (ख) शिशु विकास केन्द्रको लागि एक लाख रुपैयाँ भन्ने शब्द हटाइएको।

प्रारम्भिक बाल शिक्षा केन्द्र एवम् शिशु विकास केन्द्र व्यवस्थापन निर्देशिका, २०७६ संशोधन गर्नु पर्ने बुदाहरु

| क्र. सं. | दफा | साविकको व्यबस्था | संशोधन हुनुपर्ने व्यहोरा | संशोधनको औचित्य |
|---|---|---|---|---|
| १ | १४.१ | यो नियमावली लागू | यो निर्देशिका लागू | |
| २ | थप गर्नु पर्ने (१२.क) | थप गर्नु पर्ने | केन्द्र समन्वय समिति | केन्द्रहरुमा समस्या देखिएमा समाधान गर्नको लागि |
| ३ | २५ | पुन वितरण गर्दा वा नयाँ खोल्दा नक्साङ्कनभित्र गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ | पुन वितरण गर्दा, नयाँ खोल्दा र ठाउँ सार्दा कम्तिमा ३००-५०० मि. भित्र सञ्चालन गर्न नसकिने व्यवस्थालाई अनिवार्य गरिनेछ | धेरै नजिक नजिक स्थापना भएकोले व्यवस्थित गर्नको लागि |
| ४ | २५ | नक्साङ्कनका आधारमा मात्र केन्द्र खोल्न सकिने | नक्साङ्कनका आधारमा मात्र केन्द्र खोल्न र स्थान परिवर्तन गर्न सकिने | एक स्थानमा खोल्ने र केही समय पश्चात अर्को स्थान ठाउँमा सर्ने भएकोले त्यसलाई व्यवस्थित गर्न |

**केन्द्र समन्वय समिति**

१ केन्द्रको समन्वय, रेखदेख, तथा समस्या समाधानमा सहयोग गर्न देहायबमोजिमको एक केन्द्र समन्वय समिति रहनेछ ।

क. शैक्षिक प्रशासन महाशाखा प्रमुख — अध्यक्ष

ख. वडा अध्यक्षहरुमध्ये महानगर प्रमुखले तोकेको १ जना — सदस्य

ग. केन्द्र सञ्चालकहरुमध्ये महाशाखा प्रमुखले तोकेको २ जना — सदस्य

घ. सम्बन्धित शाखा प्रमुख — सदस्य- सचिव

२ केन्द्र समन्वय समितिको बैठक कम्तीमा वर्षमा दुई पटक बस्नेछ।

३ केन्द्र समन्वय समितिको बैठकमा यदि कुनै केन्द्रमा समस्या आएमा सम्बन्धित वडा अध्यक्षलाई आमन्त्रण गर्न सकिनेछ।

४ केन्द्र समन्वय समितिमा रहने तोकिएको सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ।

प्रारम्भिक बाल शिक्षा एवम् शिशु विकास केन्द्र व्यवस्थापन (प्रथम संशोधन) निर्देशिका- २०७६ मा संशोधन प्रस्ताव

| क्र. सं. | संशोधन हुने दफा/उपदफा | साविकको व्यवस्था | संशोधन हुनु पर्ने व्यहोरा | संशोधनको औचित्य |
|---|---|---|---|---|
| १ | दफा ११ को उपदफा (१)(क) | क) प्रारम्भिक बाल शिक्षा केन्द्र एवम् शिशु विकास केन्द्रका लागि एक लाख पचास हजार रुपैयाँ, | क) प्रारम्भिक बाल शिक्षा केन्द्र एवम् शिशु विकास केन्द्र वा दुबैका लागि पचास हजार रुपैयाँ, | साबिकमा यस्ता प्रारम्भिक बाल शिक्षा केन्द्र र शिशु विकास केन्द्रहरु व्यवसायका रुपमा दर्ता भई सञ्चालन हुँदै आएकोमा निर्देशिकामा भएको प्रवधान बमोजिमको धरौटी रकम जम्मा गर्न कोभिड-१९ का कारण केन्द्रहरु बन्द रहेको कारण समस्या परेको हुँदा धरौटी रकम कम गरिदिन सञ्चालकहरुबाट अनुरोध भई आएको |
| २ | दफा ११ को उपदफा (१)(ख) | ख) शिशु विकास केन्द्रका लागि एक लाख रुपैयाँ, | हटाउने | दफा ११ को उपदफा (१)(क) मा प्रारम्भिक बाल विकास केन्द्र र शिशु विकास केन्द्र दुबैलाई समेटिएको |

प्रस्ताव तयार पार्ने
शैक्षिक प्रशासन महाशाखा

नगर शिक्षा अधिकारी